मा. दावा दोर्जे लामा
मन्त्री

# आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन (प्रथम संशोधन) कार्यविधि, २०७६-२०७७/५/०३

**प्रस्तावना :** नेपालमा आलुबाली खाद्य सुरक्षाको हिसाबले साथै किवी फलफूल पोषण सुरक्षाका हिसावले निकै महत्वपूर्ण बालीको रुपमा रहेको छ । उच्च तथा दुर्गम क्षेत्रमा आलुलाई खाद्यबालीकै रुपमा लिइने गरिन्छ र मध्यपहाड तथा तराईका जिल्लाहरुमा तरकारीको रुपमा प्रयोग गर्ने गरिनुका साथै किवी व्यवसाय उच्च मुल्य तथा पोषणका हिसावले अत्यन्त महत्वपुर्ण छ । हालैका वर्षहरुमा आलु व्यवसायिकरण भइ चारै सिजन आलु उत्पादन हुने गरेको तथा आम्दानीका दृष्टिकोणबाट उपयुक्त व्यवसायको रुपमा कृषकबाट लिएको पाइन्छ । गुणस्तरीय बीउ आलु उपलब्ध हुन सकेको खण्डमा उत्पादन र उत्पादकत्व बृद्धिमा सघाउ पुग्ने हुँदा बीउ आलु भण्डारणमा पनि बिचार पुर्याउन आवश्यक छ । व्यवसायिक खेति भैरहेको किवी खेतिको क्षेत्रफल दिनानुदिन वढ्दै जानु र बजारमा वर्षै भरि किवीको माग बढ्नुले पनि यसको भण्डारणमा बिचार पुर्याउन आवश्यक छ । आलु खेतीको क्षेत्र विस्तारका लागि गुणस्तरिय विउ समयमै आवश्यक परिमाणमा उपलब्ध गराउन साथै किवी फललाई व्यवस्थित भण्डारण गरि वेमौसममा समेत उपभोक्तालाई आपुर्ति गर्न उचित भण्डारण गरि आलु तथा किवीको उत्पादनोपरान्त भण्डारण क्षमता वृद्धि गर्नको लागि प्रदेश सरकार, ⊗बागमती प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " **आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"कमाण्ड क्षेत्र"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएका कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरु सम्झनु पर्छ ।

(ख) **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) **"प्रदेश"** भन्नाले ⊗बागमती प्रदेश सम्झनु पर्छ ।

---

⊗ प्रथम संशोधनद्वारा संशोधित

Scanned with CamScanner

(ङ) **"प्रस्ताव"** भन्नाले रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन हुने कार्यक्रमहरुको लागि अनुदान प्राप्त गर्न पेश गरेको आवेदन तथा व्यवसायिक योजना सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले ⊗ बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ६ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ज) **"रष्टिक हाउस"** भन्नाले मधुरो प्रकाश तथा हावाको संचारको समुचित प्रबन्ध गरी बीउ आलु/किवी भण्डारण गर्नका लागि सामान्यतया समुद्री सतहबाट करिव २००० मीटर भन्दा बढी उचाईं तथा चिसो हावापानी भएका क्षेत्रमा समुद्री सतहबाट करिव १५०० मीटर भन्दा बढी उचाईं रहेका पहाडी क्षेत्रमा बनाईने आलु / किवी भण्डारलाई सम्झनु पर्छ । ∅सो घर प्रि फयाब/ ईट्टा जडित सिमेण्टेडको हुनुपर्नेछ ।

(झ) **"साक्षेदार संस्था"** भन्नाले यस कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फार्म र कृषि कम्पनी सम्झनु पर्छ ।

(ञ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) बीउ आलु उत्पादन गरिने स्थानहरुमा बीउ आलुको सुरक्षित भण्डारण गर्न,

(ख) मौसमी किवी फललाई सुरक्षित भण्डारण गरी बेमौसममा बजारीकरण गरी कृषकको आय आर्जनमा बृद्धि गर्न,

(ग) आलुबालीको व्यवसायिकरण गरी आत्मनिर्भर भई निर्यात प्रबर्द्धन गर्न,

(घ) गुणस्तरीय बीउ आलुको प्रयोग गरी आलुबालीको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याउने,

(ङ) कृषकको आयआर्जनमा बृद्धि गरी गरिवी न्यूनीकरणमा टेवा पुर्याउने ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम लागू हुने स्थानः** यो कार्यक्रम ⊗बागमती प्रदेश भर लागू हुनेछ । तर यस कार्यविधिलाई आधारमानी सूचना प्रवाह गर्दा सूचनामा जुन जुन जिल्लाहरु उल्लेख भई प्रस्ताव आव्हान हुन्छ । यो कार्यविधि तिनै जिल्लाहरुमा लागु भएको मानिनेछ ।

---

⊗ प्रथम संशोधनद्वारा संशोधित

∅ प्रथम संशोधनद्वारा थप

मा. दावा दोर्जे लामा
मन्त्री

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

५. **सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः** (१) आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालनको जिम्मेवारी निर्देशनालय र सम्बन्धित जिल्लाका केन्द्रको हुनेछ र कार्यक्रम सञ्चालन गर्न बाधा व्यवधान आएमा स्थानीय तहसँग समन्वयमा समेत गर्न सकिनेछ । यस कार्यविधि बमोजिम आलु/किवीको रष्टिक हाउस निर्माण गर्न चाहने साझेदार संस्थाका लागि निवेदन दिन तीस दिनको म्याद दिई ⊗केन्द्रले अनुसूची -१ बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्नेछ ।

(२) अनुदान सहयोग लिन चाहने साझेदार संस्थाले सूचनामा तोकिएको म्याद भित्र सम्बन्धित केन्द्रमा अनुसूची -२ बमोजिमको निवेदन र संलग्न कागजात सहित आलु/किवीको रष्टिक हाउस निर्माणको लागि अनुसूची -३ बमोजिमको प्रस्ताव, अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र र ईन्जिनियर/ओभरसियर द्वारा बनाइएको लागत ईष्टिमेट पेश गर्नुपर्नेछ । सो प्रस्ताव तथा निवेदनको दर्ता ⊗केन्द्रमा गर्नुपर्नेछ ।

(३) उपदफा (१) अनुसार आलु/किवीको रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन गर्दा कृषक समुह, कृषक सहकारी, कृषि कम्पनी र कृषि फार्मलाई प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

(४) उपदफा (१) को प्रयोजनका लागि रष्टिक हाउसको न्यूनतम मापदण्ड अनुसुची -५ मा उल्लेख गरिए बमोजिम हुनेछ।

(५) कार्यक्रम सञ्चालनको लागि साझेदारको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) रस्टिक हाउस निर्माणका लागि ईन्जिनियर/ओभरसियर द्वारा बनाइएको लागत ईष्ट्रिमेट सहितको अनुसूची -३ बमोजिमको प्रस्ताव, अनुसूची-२ बमोजमको निवेदन र अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र,

(ख) प्रस्तावकका तर्फबाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको व्यक्तिलाई प्रस्तावकले अख्तियारी दिएको पत्र र नीजको नागरिकताको प्रतिलिपी,

(ग) स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोगको पत्र,

(घ) फार्म, कम्पनी, संस्था, समूह वा सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं., कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी,

(ङ) रस्टिक हाउस निर्माण गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए करारनामा।

⊗ प्रथम संशोधनद्वारा संशोधित

३

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

६. **मूल्याङ्कन समितिः** (१) साझेदारको प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्न ⊗केन्द्रमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख वा निजले तोकेको अधिकृत, केन्द्र | संयोजक |
| (ख) प्रमुख, आर्थिक प्रशासन शाखा, केन्द्र | सदस्य |
| (ग) प्रमुख, खरिद ईकाइ, केन्द्र | सदस्य |
| (घ) प्रमुख, बागवानी विकास शाखा, केन्द्र | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ (तीन) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) न्यूनतम मापदण्डका आधारमा प्रारम्भिक मूल्याङ्कन गर्ने र प्रारम्भिक मुल्याङ्कनमा छनौट भएका साझेदार संस्थाका प्रस्तावको मात्र थप मूल्याङ्कन कार्यमा अगाडी बढाउने,

(ख) मूल्याङ्कन समितिले स्थलगत अनुगमनका लागि उपसमिति समेत बनाउन सक्ने,

(ग) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपमा अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बांकी प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अघी बढाउने,

(घ) मूल्याङ्कन समितिले आवश्यकता अनुसार अनुसूची – ६ आलुको लागि र अनुसूची – ७ किवीको लागि तोकिएको मूल्याङ्कन शीर्षक र अंक भार भित्र रही थप मूल्याङ्कनका उप शीर्षक निर्धारण गर्न सक्नेछ,

(ङ) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी प्राथमिकता क्रम तोकी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने ।

(३) स्वीकृत कार्यक्रमको परिधी भित्र रही मूल्याङ्कनमा न्यूनतम अंङ्क भन्दा सबैभन्दा बढी अंङ्क प्राप्त गर्ने प्रस्तावहरु कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछ । ⊗ केन्द्रले स्वीकृत कार्यक्रम र बजेटको परिधी भित्र रहि प्रस्ताव छनौट, स्वीकृत, सम्झौता तथा बाँकी कार्यहरु कार्यान्वयन गर्न गर्नेछ।

७. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र अनुसुची -८ बमोजिम सम्झौता सम्बन्धित कृषि ज्ञान केन्द्रमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

---

⊗ प्रथम संशोधनद्धारा संशोधित

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुन: सूचना प्रकाशन गर्नु पर्नेछ ।

८. **भुक्तानी प्रक्रिया**: अनुदान रकम भुक्तानी लिन साझेदार संस्थाले सक्कल बील (PAN/VAT) भरपाई, कार्य प्रगति विवरण, कार्य सम्पन्न भएको ईन्जिनियर/ओभरसियरको प्रतिवेदन, निर्मित रष्टिक हाउसको फोटो तथा अन्य आवश्यक कागजातहरु सम्वन्धित केन्द्रमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको विवरण र कागजातको आधारमा साथै केन्द्रको प्राविधिकको वा सम्बन्धित स्थानिय तहको अनुगमन प्रतिवेदन तथा सिफारिस आधारमा सम्बन्धित केन्द्रले साझेदार संस्थालाई अनुदान रकम भुक्तानी दिनेछ।

९. **साझेदार संस्थाको दायित्व**: साझेदार संस्थाले प्रत्येक रष्टिक हाउसमा अनुदानमा प्राप्त भएको विवरण झल्कने गरी विवरण लेख्नु पर्नेछ साथै आफू स्पष्ट देखिने गरी फोटो खिचे पछि बील भर्पाइ साथ सम्वन्धित केन्द्र पेश गर्नु पर्नेछ । साझेदार संस्थाले स्वलगानीतर्फको ५०% रकम सम्झौता भए अनुसार खर्च गर्नुपर्नेछ । साझेदार संस्थाले व्यहोर्ने रकम अन्य कुनै/संघसंस्था/स्थानीय तह/निकायवाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ।

१०. **विशेष प्राथमिकता** : (१) जमिनको चक्लाबन्दी गरी सामूहिक खेती र पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र स्थानीय तहहरुद्वारा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा सञ्चालन गरिनेछ ।

(३) महिला कृषक, जनजाति तथा दलित समुदाय रहेको समूह/सहकारीलाई प्राथामिकता दिइनेछ।

(४) वीउ आलु उत्पादन गर्ने र किवी फल उत्पादन गर्ने कृषक समूह वा सहकारीलाई विशेष प्रथमिकता प्रदान गरिनेछ।

११. **अनुगमन तथा मूल्याङ्कन**: (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन निर्देशनालय तथा केन्द्रले गर्नेछ । साथै आवश्यकता अनुसार मन्त्रालयले गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

मा. दावा दोर्जे लामा
मन्त्री

## परिच्छेद -३
## आर्थिक पक्ष

१२. **कार्यक्रम सञ्चालनको आर्थिक पक्षः** (१) स्वीकृत वार्षिक कार्यक्रममा बजेटको व्यवस्था भए बमोजिम रष्टिक हाउस निर्माणको लागी ईन्जिनियर/ओभरसियरको प्रतिवेदनका आधारमा कूल खर्चको ५० प्रतिशत वा ⊗ वढीमा रकम रु २०,००,०००।०० (रु.बीस लाख) मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलव्ध गराइनेछ।

(२) कार्यक्रम बजेटको २ (दुई) प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन, आदि कार्यमा खर्च गर्नेछ ।

## परिच्छेद -४
## विविध

१३. **कारबाहीको व्यवस्थाः** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदारलाई सम्वन्धित ज्ञान केन्द्र वा निर्देशनालयले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(२) साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा त्यस्ता साझेदारबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१४. **संशोधन :** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१५. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

---

⊗ प्रथम संशोधनद्वारा संशोधित

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**आलु/किवीको रष्टिक हाउस निर्माण कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ...................

कृषि विकास निर्देशनालय, हेटौंडा ∅कृषि ज्ञान केन्द्र,................ को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" बमोजिम रष्टिक हाउस निर्माण गर्न ⊗बागमती प्रदेश का कृषक समूह, कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीले यो सूचना प्रकाशित भएको ३० दिनभित्र कार्यालय समयमा कृषि विकास निर्देशनालयमा देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पुनश्चः** आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, ⊗बागमती प्रदेश को बेवसाईट ⊗molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड प्राप्त गर्न सकिनेछ ।

---

∅ प्रथम संशोधनद्वारा थप

⊗ प्रथम संशोधनद्वारा संशोधित

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

## अनुसूची -२
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु**

श्री प्रमुख ज्यू, मितिः

⊗ कृषि ज्ञान केन्द्र, ............... ।

मेरो फार्म/कम्पनी/संस्था/ समूह/सहकारीबाट ................. जिल्लाको.................... गा.पा/न.पा. को वार्ड नं. ........... स्थानमा " आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" अनुसार आलु/किवीको लागि रष्टिक हाउस निर्माण गर्ने लक्ष्य रहेकोले सोका लागि लागत अनुमान रु.....................सहित तपसिल बमोजिमका कागजातहरू राखी निवेदन पेश गरेको छु/ गरेका छौं ।

**संलग्न कागजातहरुको विवरणः**

१. रु.१०।-को हुलाक टिकट टाँस गरेको अनुसूची -२ अनुसारको निवेदन,
२. आलु/किवी सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,
३. आधिकारिक दर्ता /नविकरण प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी,
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,∅(सम्भव भए सम्म)
५. साझेदार संस्थाको निर्णय प्रतिलिपि,
६. साझेदार संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
७. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति,
८. रष्टिक हाउसको ईन्जिनियर/ओभरसियर द्वारा बनाइएको लागत इष्टिमेट साथमा प्रस्ताव,
९. रस्टिक हाउस निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि र करारको हकमा करारनामाको प्रतिलिपि,
१०. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
११. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे नरहेको प्रमाण प्रमाणित कागजात,
१२. फार्म, कम्पनी, संस्था, सहकारी तथा कृषक समूहले ब्यहोर्ने योगदान प्रतिशतको ⊗प्रतिबद्धता पत्र

निवेदक

| | |
|---|---|
| दस्तखतः | फार्म/कम्पनीः |
| नाम थरः | ठेगानाः |
| पदः | फार्म/संस्थाको छापः |
| फोन नं. | हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको दस्तखत |

---

⊗ प्रथम संशोधनद्वारा संशोधित
∅ प्रथम संशोधनद्वारा थप

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -३
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
प्रस्तावको ढाँचा

१.प्रस्तावित उपआयोजनाको साराँश

| | |
|---|---|
| उपआयोजनाको नामः | जस्तैः आलु/किवी को लागि रष्टिक हाउस निर्माण |
| साझेदारको नामः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिः | |
| ठेगानाः | |
| सम्पर्क टेलिफोन नं. | |
| दर्ता वर्षः | |
| मु. अ. कर/ स्था. ले. नं. र दर्ता वर्षः | |
| बैंक खाता विवरणः | बैंकको नामः ठेगानाः<br>खाता नं. खाता संचालकको नामः |
| आवेदकको परिचय तथा अनुभव | आलु/किवी खेती सम्वन्धि अनुभव र योग्यता सम्बन्धित यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने । |
| प्रस्तावित व्यवसायको सार संक्षेप | क्षेत्रफल विस्तार, भण्डारण परिमाण, बजारीकरण, लाभ लागत विश्लेषण, |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| उपआयोजना सञ्चालन स्थलः | जिल्लाः<br>म.न.पा./उ.न.पा./न.पा./ गा.पा.<br>वार्ड नं.<br>स्थानः |
| वर्तमान क्रियाकलापहरु | गरिरहेका कार्यहरु |
| भविष्यको सोच | भण्डारण परिमाण तथा लाभान्वित विवरण |

प्रस्तावक संस्थाको नामः
ठेगानाः
दस्तखत (अधिकार प्राप्त व्यक्तिको)
मितिः
संस्थाको छापः
नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची - ४

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

..............................को मिति..............................को सूचना अनुसार आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**

नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः

| दायाँ | बाँया |
|---|---|
| | |



Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -५

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

रुष्टिक हाउस निर्माण सम्बन्धी विवरण तथा स्पेशिफिकेशन (नमुनाको लागि)

१. ♥...............
२. ♥...............
३. ♥...............
४. ♥...............
५. ♥...............
६. ♥...............
७. ♥...............
८. ♥...............
९. ♥...............
१०. ♥...........

♥.......................

∅प्राविधिक ईञ्जिनियर /ओभरसियरबाट भोगोलिक बनावट, माग, आवश्यकता तथा औचित्यका आधारमा स्पेशिफिकेशन, डिजाइन र लागत सहित साझेदार संस्थाले पेश गर्नुपर्नेछ । सो कार्य प्राविधिक दृष्टिकोणले सुझाव दिनु पर्ने भए सुझाव सहित केन्द्रबाट स्वीकृत गर्ने ।

---

♥ प्रथम संशोधनद्वारा खारेज

∅ प्रथम संशोधनद्वारा थप



Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची - ३

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**आलुको रष्टिक हाउस निर्माण सम्बन्धी प्रस्ताव मूल्याङ्कन मापदण्ड**

पूर्णाङ्क - १००

उत्तिर्णाङ्क -५०

| क्र.स. | सूचक | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | **संरचना निर्माणका लागि उपयुक्तता** | १० | प्रमाण पेश गर्नु पर्ने र स्थानीय निकायको सिफारिस । |
| १.१ | सडक, सिचाइको श्रोत, बिजुलीको सुविधा उपलब्ध भएको | १० | |
| १.२ | ⊗बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने | ८ | |
| २ | **साझेदार संस्थाले आलु खेती गरेको वा गर्ने क्षेत्रफल** | ३० | |
| २.१ | ५०० रोपनी भन्दा बढी | ३० | |
| २.२ | ३००-५०० रोपनी सम्म | २५ | |
| २.३ | १००-२९९ रोपनी सम्म | २० | |
| २.४ | १०० रोपनी भन्दा कम | १५ | |
| ३ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | १० | ⊗ साझेदार संस्थाबाट व्यहोर्ने पर्ने रकमको प्रतिबद्धता पत्र । |
| ३.१ | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० | |
| ३.२ | ⊗व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ८ | |
| ४ | **भण्डारण गरिने आलु वीउ परिमाण** | २० | प्रस्तावमा पेश गर्नुपर्ने |
| ४.१ | ⊗६० मे.टन. माथी | २० | |
| ४.२ | ⊗५५-६० मे.टन. | १८ | |
| ४.३ | ⊗५१-५४ मे.टन. | १६ | |
| ५ | **जमिनको अवस्था** | ३० | लालपूर्जा र मञ्जुरीनामा प्रमाणपत्र पेश गर्नुपर्ने । |
| ५.१ | साझेदारकै नाममा | ३० | |
| ५.२ | ⊗करारमा लिएको | २८ | |
| | **कूल जम्मा** | १०० | |

पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अंङ्क प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाइ प्राथमिकता दिइनेछ ।

---

⊗ प्रथम संशोधनद्वारा संशोधित

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची-७

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**किवीको रष्टिक हाउस निर्माण सम्बन्धी प्रस्ताव मूल्याङ्कन मापदण्ड**

पूर्णाङ्क - १००

उत्तिर्णाङ्क -५०

| क.स. | सूचक | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | **संरचना निर्माणका लागि उपयुक्तता** | १० | प्रमाण पेश गर्नु पर्ने र स्थानीय निकायको सिफारिस |
| १.१ | सडक, सिचाइको श्रोत, बिजुलीको सुविधा उपलब्ध भएको | १० | |
| १.२ | ⊗बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने | ८ | |
| २ | **साझेदार संस्थाले किवी खेती गरेको वा गर्ने क्षेत्रफल** | ३० | |
| २.१ | २०० रोपनी भन्दा बढी | ३० | |
| २.२ | १००-२०० रोपनी सम्म | २५ | |
| २.३ | ५०-९९ रोपनी सम्म | २० | |
| २.४ | ५० रोपनी भन्दा कम | १५ | |
| ३ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | १० | साझेदार संस्थाबाट व्यहोर्ने पर्ने रकमको प्रतिबद्धता पत्र । |
| ३.१ | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० | |
| ३.२ | ⊗व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ८ | |
| ४ | **भण्डारण गरिने किवी परिमाण** | २० | |
| ४.१ | ⊗६० मे.टन. माथी | २० | |
| ४.२ | ⊗५५-६० मे.टन. | १८ | |
| ४.३ | ⊗५१-५४ मे.टन. | १६ | |
| ५ | **जमिनको अवस्था** | ३० | लालपूर्जा र मञ्जुरीनामा प्रमाणपत्र पेश गर्नुपर्ने । |
| ५.१ | साझेदारकै नाममा | ३० | |
| ५.२ | ⊗करारमा लिएको | २८ | |
| | **कूल जम्मा** | १०० | |

पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अंङ्क प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाइ प्राथमिकता दिइनेछ ।

---

⊗ प्रथम संशोधनद्धारा संशोधित

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची - ८
(दफा ७ सँग सम्बन्धित)

## आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन सम्झौता- पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ⊗ बागमती प्रदेश, कृषि विकास निर्देशनालय/कृषि ज्ञान केन्द्र,..................को चालु आ.व................को आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन गर्न मिति.......................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको मिति.....................को निर्णयले जम्मा लागत रु...................... (अक्षरेपी ....................................................................मात्र) मध्ये कार्यालयबाट अनुदान रकम रु ........................... (अक्षरेपी ..........................................................................मात्र) हुनेगरी कृषि ज्ञान केन्द्र............. (यस भन्दा पछाडी प्रथम पक्ष भनिने), र ...................... फार्म/कम्पनी/संस्था /समूह/सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१प्रति बुझिलियौं/दियौं ।

१. यो सम्झौता पत्र आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्र ............. (यस भन्दा पछाडी प्रथम पक्ष भनिने), र ...................... फार्म/कम्पनी/संस्था तथा समूह/सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) का बीच आलु/किवी रष्टिक हाउस निर्माण सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ ।
२. यो सम्झौता, सम्झौताकारी दुबै पक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।
३. दोश्रो पक्षले स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरु कार्ययोजना बमोजिम गर्नु पर्नेछ ।
४. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ।
५. दोश्रो पक्षले ..............................कार्यक्रम सञ्चालन गर्न कम्तीमा ..................क्षेत्रफल उपलब्ध हुनुपर्नेछ ।
६. सम्झौता बमोजिमको अनुदान रकम बढीमा ३ (तीन) किस्तामा बैंक तथा वित्तिय संस्था मार्फत उपलब्ध गराइनेछ ।
७. अन्तिम किस्ता वा एकैचोटी किस्ता भुक्तानी गर्ने अवस्थामा कार्य सम्पन्न भएको अन्तिम बील भर्पाईको साथमा प्राविधिकबाट मूल्याङ्कन गराई कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा Visual) को आधारमा रकम उपलब्ध गराईनेछ ।

---

⊗ प्रथम संशोधनद्वारा संशोधित

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार ... बागमती प्रदेश ... मकवानपुर, नेपाल

८. प्रथम पक्षले दोश्रो पक्षलाई किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको सिफारिसमा आधारमा भुक्तानी गर्नेछ।
९. प्रथम पक्षले दोश्रो पक्षलाई आलु किवी रष्टिक हाउस निर्माण कार्यक्रम सम्बन्धी आवश्यक प्राविधिक सेवा सल्लाह प्रदान गर्नेछ । तर दोश्रो पक्षले आवश्यकता अनुसार अन्य व्यक्ति वा संघ संस्थाबाट समेत प्राविधिक सेवा सल्लाह लिन सक्नेछ ।
१०. प्रथम पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन गर्नेछ ।
११. यो सम्झौता अनुसार तोकिएको अवधिमा कार्य सम्पन्न गर्नुपर्नेछ, नगरेमा प्रथम पक्षले दोश्रो पक्षलाई भुक्तानी दिन बाध्य हुनेछैन ।
१२. दोश्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
१३. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| कृषि ज्ञान केन्द्र.............को तर्फबाट | फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीको तर्फबाट |
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको नाम र छाप | संस्थाको नाम र छापः |

साक्षीहरु

| | |
|---|---|
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको नाम र ठेगाना : | संस्थाको नाम र ठेगाना : |



Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

## आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ संशोधित सम्बन्धी व्यहोरा

| दफा | साविकको अवस्था | संशोधन वा थप भई कायम हुनुपर्ने | संशोधन वा थप गर्नुको कारण |
|---|---|---|---|
| प्रस्तावना | प्रदेश नं. ३ | बागमती प्रदेश | परिवर्तन भएकोले |
| २(घ) | प्रदेश नं. तीन | बागमती प्रदेश | परिवर्तन भएकोले |
| २(च) | प्रदेश नं. ३ | बागमती प्रदेश | परिवर्तन भएकोले |
| २(ज) | | सो घर प्रि फ्याबईट्टा जडित / सिमेण्टेडको हुनुपर्नेछ । | थप स्पष्ट हुने भएकोले |
| ४ | प्रदेश नं३ . | बागमती प्रदेश | परिवर्तन भएकोले |
| ५(१) | निर्देशनालयले | केन्द्रले | केन्द्रबाट सञ्चालन हुने भएको |
| ५ (२) | निर्देशनालयमा | केन्द्रमा | केन्द्रबाट सञ्चालन हुने भएको |
| ६(१) | निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।<br>(क) प्रमुख वा निजले तोकेको अधिकृत, निर्देशनालय संयोजक<br>(ख) अधिकृत प्रतिनिधि, मन्त्रालय सदस्य<br>(ग) वागवानी विकास अधिकृत, निर्देशनालय सदस्य<br>(घ) कृषि ईन्जिनियर सदस्य<br>(ङ) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय सदस्य<br>(च) प्रमुख, खरिद ईकाइ, निर्देशनालय सदस्य-सचिव | केन्द्रमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।<br>(क) प्रमुख वा निजले तोकेको अधिकृत, केन्द्र संयोजक<br>(ख)प्रमुख, आर्थिक प्रशासन शाखा, केन्द्र सदस्य<br>(ग)प्रमुख, खरिद ईकाइ, केन्द्र सदस्य<br>(घ) प्रमुख, बागवानी विकास शाखा, केन्द्र सदस्य-सचिव | केन्द्रबाट सञ्चालन हुने भएको |
| ६(३) | निर्देशनालयले स्वीकृत कार्यक्रम र बजेटको परिधी भित्र रहि प्रस्ताव छनौट र स्वीकृत बजेट बाडफाँड गरी सम्बन्धित कृषि ज्ञान केन्द्रलाई सम्झौता तथा बाँकी कार्यहरु कार्यान्वयन गर्न पठाउनेछ। | केन्द्रले स्वीकृत कार्यक्रम र बजेटको परिधी भित्र रहि प्रस्ताव छनौट, स्वीकृत, सम्झौता तथा बाँकी कार्यहरु कार्यान्वयन गर्न गर्नेछ। | केन्द्रबाट सञ्चालन हुने भएको |
| १२ | वढीमा रकम रु १०,००,०००।०० (रुदश लाख.) | वढीमा रकम रु २०,००,०००।०० (रु.बीस लाख) | स्वीकृत वार्षिक कार्यक्रम अनुसार रहिकोले । |

Scanned with CamScanner

मा. दावा दोर्जे ला
मन्त्री

| | | | |
|---|---|---|---|
| अनुसूची १ | | कृषि ज्ञान केन्द्र ................, | केन्द्रबाट सञ्चालन हुने भएको |
| | प्रदेश नं३ . | बागमती प्रदेश | परिवर्तन भएकोले । |
| | molmac.p3.gov.np | molmac.bagamati.gov.np | परिवर्तन भएकोले । |
| अनुसूची २ | कृषि विकास निर्देशनालय.... ,........... । | कृषि ज्ञान केन्द्र.... ,........... । | केन्द्रबाट सञ्चालन हुने भएको |
| | | (सम्भव भए सम्म) | थप सहज गर्नको लागि । |
| | भरपर्दो आधारको रुपमा आवेदकको नाममा रहेको बैंक तथा वित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर । | प्रतिबद्धता पत्र | थप सहज गर्नको लागि । |
| अनुसूची -५ | १. बीउ आलु / किवी फल उत्पादन समूह गठन भई गुणस्तरीय बीउ आलु / किवी फल उत्पादन कार्य थालनी भएका स्थानहरुमा यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । अनुदान प्राप्त गर्न कृषकले आफनो तर्फबाट गर्नुपर्ने कार्य सम्पन्न गर्नुपर्नेछ । निर्माण कार्य तथा सो को सञ्चालन सम्वन्धि प्रक्रिया कृषकहरु संग सम्झौता गरी तय गरिनेछ ।<br>२. रष्टिक हाउस निर्माणका लागि जग्गाको उपयुक्त छनौट गर्नु पर्नेछ तथा जग्गाको व्यवस्थापन कृषक समूहले गर्नुपर्नेछ । निजी वा व्यक्तिगत जग्गामा रष्टिक हाउस निर्माण गर्दा उक्त हाउसमा समूहका कृषकहरुले न्यूनतम दश वर्षका लागि श्रोत बीउ आलु भण्डारण गर्न पाउने कुराको यकिन हुनुपर्नेछ ।<br>३. शुष्क हावा चल्ने क्षेत्रहरुमा भण्डार घरको भुईंमा कुलेसाहरु बनाई त्यसमा पानी भर्ने व्यवस्था मिलाउनु पर्दछ । | | थप सहज गर्नको लागि । |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | ४. सिमेन्ट जोडाईले तापक्रम बढ्न मद्धत पुरयाउने भएकोले ईंटा वा ढुंगालाई माटोको जोडाईमा गाह्रो लगाउनु पर्दछ ।<br>५. हावाको संचार (भेण्टिलेशन) को लागि भुई सतहमा २/३ स्थानमा १"१ फिटको भेण्टिलेशन राखी मुसा वा अन्य कीरा पस्न नसक्ने गरी मसिनो तारको जालीले बन्द गर्नु पर्दछ । यसैगरी हाउसको भित्ताको माथिल्लो भागमा पनि १"१ फिटको भेण्टिलेशन झ्यालहरु राखी तारको जालीले बन्द गर्नु पर्दछ ।<br>६. हाउसको लम्वाई बढी र चौडाई कम हुनु पर्दछ । हाउसको गाहो संगै संगै आलु राख्ने तख्ता (¥याक) वनाउने र विचमा बाटो राख्नु पर्दछ । तख्ता काठ, वांस वा निगालोको वनाउन सकिन्छ ।<br>७. हरेक तख्तामा आलु/किवीको ३/४ दाना भन्दा उचाई नबढाई आलु राख्नु पर्दछ । तख्ताको चौडाई २ फिट, गहिराई ६ ईन्च र लम्वाई आवश्यकता अनुसार बनाउनु पर्दछ । आलु राख्दा हरेक दानामा मधुरो प्रकाश पुग्नु आवस्यक हुन्छ । ६.५ फिट लामो तख्तामा १०० किलो आलु/किवी राख्न सकिन्छ ।<br>८. हाउस घरको छाना कच्चि (Thatched) हुनु पर्दछ । यदि जस्ताको प्रयोग गरिएमा माथीवाट भुस, खर, छवाली राख्नु पर्दछ र जस्ता प्रयोग गर्दा छानाबाट हावाको संचार नहुने भएको हुनाले भेन्टिलेशन झ्यालको संख्या बढाउनु पर्दछ । | | |

मा. दावा दोर्जे लामा
मन्त्री

Scanned with CamScanner

मा. दावा दोर्जे लामा
मन्त्री

| | | | |
|---|---|---|---|
| | ९. सम्भव भएसम्म हाउस रुखमुनी, उत्तर मोहडा, सेपिलो स्थानमा वनाउनु पर्दछ । तर हावाको संचार र घाम पर्ने गरि वनाउन भुल्नु हुदैन ।<br>१०.रष्टिक हाउस निर्माण गर्दा कम्तीमा ५ मे.टन क्षमता भएको हुनु पर्दछ र सो को लागि लगत स्टिमेट र डिजाईन अनुसार निर्माण गर्न सकिनेछ ।<br><br>नोटः माथी उल्लेखित स्पेशिफिकेशनलाई आधार मानी भौगोलिक बनोटको आधारमा के कस्तो रष्टिक हाउसको आवश्यकता पर्छ, सो मिलाएर प्रस्ताव राख्न सक्नेछ । | प्राविधिक ईञ्जिनियर /ओभरसियरबाट भोगोलिक बनावट, माग, आवश्यकता तथा औचित्यका आधारमा स्पेशिफिकेशन, डिजाइन र लागत सहित साझेदार संस्थाले पेश गर्नुपर्नेछ । सो कार्य प्राविधिक दृष्टिकोणले सुझाव दिनु पर्ने भए सुझाव सहित केन्द्रबाट स्वीकृत गर्ने । | थप सहज गर्नको लागि । |
| अनुसुची -६, अनुसुची -७ | १.२ बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने ५<br>३.२ व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको ५<br>४.१ २० मे.टन. माथी २०<br>४.२ १०-२० मे.टन. १८<br>४.३ १० मे.टन. भन्दा कम १५<br>५.२ करारमा लिएको २५ | १.२ बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने ८<br>३.२ व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको ८<br>४.१ ६० मे.टन. माथी २०<br>४.२ ५५-६० मे .टन. १८<br>४.३ ५१-५४ मे .टन. १६<br>५.२ करारमा लिएको २८<br><br>साझेदार संस्थाबाट व्यहोर्ने पर्ने रकमको प्रतिबद्धता पत्र । | थप सहज गर्नको लागि । |
| अनुसुची -८ | प्रदेश नं. ३ | बागमती प्रदेश | परिवर्तन भएकोले । |